# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## हरित रणनैतिक योजना तथा हरित बैंकिङ प्रणालीमा जोड

(गभर्नर डा. खतिवडा तथा बंगलादेश बैंकका गभर्नर डा. अतिउर रहमानद्वारा सम्बोधन)

गभर्नर डा. युवराज खतिवडाले बंगलादेश र नेपाल विभिन्न कोणबाट समान अवस्थामा रहेको तथा नेपालले पनि वातावरणीय दृष्टिकोणले उपयुक्त र




यसप्रति जिम्मेवार व्यवसायलाई प्रोत्साहन गर्दै लगिरहेको विचार व्यक्त गर्नु भयो । बंगलादेशमा सञ्चालित हरित बैंकिङ तथा सम्बद्ध विषयको अनुभव आदानप्रदान गर्ने उद्देश्यले बैंकद्वारा गत चैत ८ गते आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै गभर्नर खतिवडाले हरेक संस्था वातावरणीय दृष्टिकोणले उपयुक्त हुनु पर्ने र बैंक तथा वित्तीय संस्थाहरूले वित्तीय साधन प्रवाह गर्दा यसतर्फ पनि ध्यान दिनुपर्नेमा जोड दिनुभयो । उहाँले हाल नेपालले बैंकिङ प्रणालीमार्फत् कृषियोग्य भूमि Plotting गर्ने कार्यलाई हतोत्साहित गरेको, ढुङ्गा, रोडा तथा बालुवाको उत्खननमा कडाइ गरेको, पर्यटकीय गतिविधिबाट वनसम्पदामा हुन सक्ने अतिक्रमणलाई न्यूनीकरण गर्दै लगेको र कृषि क्षेत्रमा लगानी अभिवृद्धि गर्ने नीति तथा कार्यक्रम लागु गरेको जानकारी दिनु भयो । उहाँले केन्द्रीय बैंकको नाताले बजार अर्थतन्त्र र वातावरण संरक्षणलाई समानान्तर रूपमा अगाडि बढाउने, व्याजदरमा रहेको विविधता न्यून गर्ने, कृषि तथा कृषिजन्य उपजमा लगानी अभिवृद्धि गर्ने कार्यलाई बैंकले उच्च प्राथमिकता दिएको जानकारी गराउनु भयो ।

बंगलादेशको केन्द्रीय बैंक बंगलादेश बैंकका गभर्नर डा. Atiur Rahman ले "Green or Sustainable Banking : An Experience of Bangladesh" विषयक कार्यपत्र प्रस्तुत गर्दै बंगलादेशको केन्द्रीय बैंक र त्यहाँको हरित अभियानका बारेमा जानकारी दिनु भयो । उहाँले वातावरण र मौसम परिवर्तनका दृष्टिकोणले नेपाल र बंगलादेशमा समानस्तरको चुनौति रहेकाले दुवै देशका केन्द्रीय बैंकहरु मिलेर यस क्षेत्रमा सहकार्य गर्न सकिने धारणा राख्नु भयो । उहाँले बंगलादेश बैंकले चालेका केही महत्वपूर्ण कदमहरू जस्तै न्यून कार्वन उत्सर्जन गर्ने क्षेत्रलाई ग्रीन प्रोजेक्ट भन्ने गरेको, ग्रीन प्रोजेक्टमा लगानी गरेको आधारमा बैंक तथा वित्तीय संस्थाहरूको मूल्यांकन गर्ने गरेको, बैंकहरूले त्रैमासिक वातावरणीय जोखिम सम्बन्धी रिपोर्ट पेश गर्नुपर्ने व्यवस्था मिलाइएको, सामाजिक संस्थागत उत्तरदायित्व अन्तर्गत व्यवस्थित काम गर्न एउटा कोषको सृजना गरिएको, सौर्य ऊर्जाको प्रयोगलाई प्रोत्साहन गरिएको, शाखा विस्तार सम्बन्धी प्रावधान



वातावरणमैत्री बनाउनुपर्ने प्रवन्ध मिलाइएको, हरित रणनैतिक योजना एवम् हरित बैंकिङ प्रणालीलाई प्रोत्साहन गरिएको विषयमा जानकारी दिनु भयो ।

मिति २०६९।१२।९

गभर्नरको कार्यालय